# भारतीय राजदूतावास

# काठमाडौँ

# प्रेस विज्ञप्ति

**भारत-नेपाल सीमापार रेलवे लिङ्क सम्बन्धी परियोजना निर्देशक समिति र संयुक्त कार्यदलका बैठकहरु काठमाडौँमा सम्पन्न (मिति २०८३ जेठ २८-२९)**

सञ्चालनमा रहेका सीमापार रेलवे लिङ्कहरुको कार्यान्वयन र रेलवे क्षेत्रमा समग्र द्विपक्षीय सहकार्यको समीक्षा गर्न हेतु भारत र नेपालबीच मिति २०८३ जेठ २८-२९ गतेसम्म काठमाडौँमा १० औँ परियोजना निर्देशक समिति (पीएससी) र ८ औँ संयुक्त कार्यदल ( जेडब्ल्युजी) का बैठकहरु सम्पन्न भए ।

२. दुवै पक्षले भारत सरकारको अनुदान सहयोगमा विकास भइरहेका भारत र नेपालबीचको जयनगर-विजलपुरा-बर्दिबास र जोगवनी-विराटनगर ब्रोडगेज रेलवे लाइनहरुको हाल जारी कार्यान्वयन कार्यका सम्बन्धमा छलफल गरे । जनकपुर-अयोध्या खण्डमा यात्रुवाहक रेल सेवा प्रारम्भ गर्नका लागि मानक सञ्चालन कार्यविधि (एसओपी), रक्सौल-काठमाडौँ ब्रोडगेज रेलवे लिङ्कको फाइनल लोकेसन सर्भे (एफएलएस) प्रतिवेदन, पूर्व-पश्चिम रेलवे लिङ्कका लागि प्राविधिक सहयोग र थप अन्य रेलवे लिङ्कका बारे पनि छलफल गरियो ।

३. दुवै पक्षले रेलवे क्षेत्रमा सहकार्यलाई थप सुदृढ बनाउन निकट सहकार्य एवम् समन्वयलाई निरन्तरता दिने सहमति जनाए ।

काठमाडौँ

२०८३ जेठ २९